प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२ – 6
चलानी नं. : ६८6

CDS and Clearing Ltd.

मिति : २०७२/०१/०२

**विषय : कारोबार शुल्क सम्बन्धी परिपत्र ।**
(परिपत्र नं.:१४/आ.व.२०७१/७२)

धितोपत्र कारोवारको हस्तान्तरण शुल्क सम्वन्धमा खरिदकर्ता हितग्राही संग हस्तान्तरण शुल्क लिने वारे अन्यौलता सृजना भई कार्य संचालनमा कठिनाई भएको हुंदा सो अन्यौतालाई हटाउनका लागि यस लि. को संचालक समितिको निर्णय अनुसार हितग्राहीको खाता डेविट गर्ने निक्षेप सदस्यले सम्वन्धित हितग्राहीवाट धितोपत्र कारोवार शुल्क संकलन गर्ने र क्रेडिट गर्ने निक्षेप सदस्यको हकमा सो शुल्क खरिदकर्ता राफसाफ सदस्यले आफ्ना लगानीकर्ताहरुवाट संकलन गरी सम्वन्धित निक्षेप सदस्यलाई वुझाउनु पर्ने व्यहोरा जानकारी गराउँदै सोही वमोजिम कार्यान्वयन गर्न/गराउन सम्पूर्ण राफसाफ सदस्य तथा निक्षेप सदस्यहरुलाई अनुरोध छ ।

साथै विद्यमान व्यवस्था वमोजिम विक्रीकर्ता हितग्राही तथा खरिदकर्ता हितग्राहीको खातामा धितोपत्र घटाउने वा जम्मा गर्ने (डेविट/क्रेडिट) निक्षेप सदस्यले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (पहिलो संशोधन, २०६९ सहित) को विनियम १६ संग सम्वन्धित अनुसूची-१४ वमोजिमको धितोपत्र हस्तान्तरण शुल्क सम्पूर्ण निक्षेप सदस्यले यस लि. को केन्द्रीय निक्षेप प्रणालीमा व्यवस्था भएको Billing अनुसार यस लि. लाई वुझाउनु पर्ने धितोपत्र हस्तान्तरण शुल्क वुझाई सहयोग गरिदिनु हुन अनुरोध छ ।

सुरेन्द्र राज वाग्ले
का. मु. सहायक प्रबन्धक